२३१ सचिव

# संग्रहालय, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक स्थल (निर्माण तथा संरक्षण) कार्यविधि २०७८

## भाषा तथा संस्कृति कार्यक्रम

(ब.उ.शी.नं.- ३११०००१४)


प्रदेश सरकार

कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

सचिव

**प्रस्तावना:** प्रदेश सरकार, कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत सञ्चालन हुने पूर्वाधार सम्बन्धी निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायको जिम्मेवारीमा कार्यक्रम संचालन गर्ने व्यवस्था गर्न आवश्यक भएकोले,

प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम संग्रहालय, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक स्थल (निर्माण तथा संरक्षण) कार्यविधि २०७८ रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आयोजना" भन्नाले उपभोक्ता समिति मार्फत लागत सहभागिता गराई सञ्चालन हुने गरी सार्वजनिक निकायको स्वीकृत कार्यक्रम अनुसारको निर्माण कार्य सम्झनु पर्दछ र सो शब्दले लागत साझेदारीमा सञ्चालित योजना तथा कार्यक्रमलाई समेत जनाउँछ।

(ग) "आयोजना खाता" भन्नाले उपभोक्ता समितिबाट सञ्चालित आयोजनाको नाम सहित आयोजनासँग सम्बन्धित विस्तृत विवरण संलग्न भएको खाता सम्झनुपर्छ।

(घ) "उपभोक्ता" भन्नाले सम्बन्धित आयोजना स्थलमा घर वा जग्गा भएको बासिन्दा र सो कार्यक्रमबाट प्राप्त हुने सेवा उपभोग गर्ने समुदायलाई सम्झनुपर्छ र सो शब्दले उपभोक्ताले लाभग्राही समुदायलाई समेत जनाउँछ।

(ङ) "उपभोक्ता समिति" भन्नाले कुनै आयोजना निर्माण गरी, सञ्चालन वा व्यवस्थापन, मर्मत सम्भार गरी सम्बन्धित सेवाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने सोही स्थानमा स्थायी बसोबास भएका बासिन्दाहरुको आम-भेलाबाट गठन भई सम्बन्धित स्थानीय तहमा दर्ता भएको समिति सम्झनुपर्छ र उपभोक्ता समितिलाई लाभग्राही समुदायको प्रतिनिधिको रुपमा समेत सम्झनुपर्छ।

(च) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

(छ) "कार्यपालिका" भन्नाले गाँउपालिका/नगरपालिका/उप महानगरपालिका वा महानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ज) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने तथा श्रममूलक प्रविधिलाई समेत विस्थापित गर्ने प्रकृतिका ठूला मेशिनरी उपकरण (डोजर, एक्साभेटर, रोलर, ग्रेडर, बिटुमिन डिस्ट्रिब्युटर जस्ता उपकरण) लाई सम्झनुपर्छ।

(झ) "धार्मिक स्थल" भन्नाले सार्वजनिक प्रयोगमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च र मस्जिद आदि सम्झनुपर्छ र सो शब्दले कुनै समुदायले आदर र भक्ति पूर्वक आस्था तथा सम्मानका साथ विश्वास गर्ने त्यस्तै प्रकारका अन्य धार्मिक स्थल र सो स्थलले चर्चेको भौतिक संरचना र जग्गालाई समेत जनाँउछ ।

(ञ) "निर्माण" भन्नाले धार्मिक स्थलको निर्माण सम्बन्धी कार्य, संरक्षण र सो शब्दले पुन: निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाँउछ ।

(ट) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(ठ) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ।

(ड) "मन्त्रालय" भन्नाले कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई सम्झनुपर्छ

(ढ) "लागत अनुमान" भन्नाले श्रमिकहरुको खर्च, निर्माण सामग्रीको खर्च, यान्त्रिक उपकरण आवश्यक भए सोको भाडा समेत समावेश गरी निर्माण कार्य गर्न लाग्ने अनुमानित रकम र यसमा गुणस्तर परीक्षण खर्च, ओभरहेड, वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्च, बीमा, मूल्य अभिबृद्धि कर समेत समावेश भएको रकम सम्झनुपर्छ।

(ण) "लागत सहभागिता" भन्नाले आयोजनामा उपभोक्ता समितिको तर्फबाट गर्ने नगद, वस्तुगत र श्रम सहभागितालाई जनाउँछ।

(त) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनुपर्छ।

(थ) "श्रममूलक कार्य" भन्नाले स्थानीय श्रोत, साधन र सीप प्रयोग भई स्थानीयस्तरमा स्थानीय व्यक्तिबाट नै गराउन सकिने तर सामान्य किसिमको मेशिन वा उपकरण प्रयोग गर्न सकिने तर हेभी ईक्विपमेण्ट प्रयोग गर्न नपर्ने कार्य सम्झनु पर्दछ।

(द) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्छ।

(ध) "सदस्य" भन्नाले उपभोक्ता समितिका पदाधिकारी र सदस्यलाई सम्झनुपर्छ ।

(न) "सम्झौता" भन्नाले लागत अनुमान बमोजिम संरचनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि मन्त्रालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई सम्झनुपर्छ।

(प) "सम्बन्धित निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा वार्षिक विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको प्रदेश सरकार मातहतको सरकारी निकाय वा अन्य निकायलाई सम्झनुपर्छ।

(फ) "समिति" भन्नाले धार्मिक स्थलको सञ्चालन, संरक्षण र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम स्थापित मुख्य सरोकार रहेको कुनै संघ, संगठन वा समिति सम्झनु पर्छ

(ब) "संरक्षण" भन्नाले संरक्षित सांस्कृतिक सम्पदालाई मौलिक स्वरुप विग्रन नदिन त्यस्तो सम्पदालाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने समेतका प्रवन्ध गरी स्मारकलाई दुरुस्त राख्ने काम सम्झनुपर्छ ।

(भ) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक निकाय भनी तोकेको अन्य निकायलाई सम्झनुपर्छ।

३. <u>उद्देश्यः</u> (१) लुम्बिनी प्रदेश सरकारको आ.व. २०७८/०७९ को विनियोजन शीर्षक अन्तर्गत कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम मध्ये ब.उ.शी.नं. ३११०००१४ (भाषा तथा संस्कृति कार्यक्रम) अन्तर्गत विभिन्न खर्च शीर्षकमा समावेश भएका सांस्कृतिक धार्मिक स्थलको निर्माण र संरक्षणसंग सम्बन्धित आयोजनाहरु सञ्चालन गर्नु यो कार्यविधिको उद्देश्य रहेको छ ।

प्रदेश सरकार लुम्बिनी प्रदेश कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

(२) सार्वजनिक खरिद ऐन २०६३ को दफा ~~९२~~ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७मा उल्लेख भए बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको छ ।

(३) स्वीकृत वार्षिक विकास कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुको लागि कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट उपयुक्त स्थानको छनौट गरिनेछ।

४. <u>लागत सहभागिता हुनु पर्नेः</u> यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन वा निर्माण कार्य गर्दा आयोजनाको कुल लागत अनुमान (कन्टेन्जेन्सि वाहेकको) रकमको कम्तिमा बीस प्रतिशत रकम बराबरको योगदान उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने गरी लागत सहभागिताको सुनिश्चितता गर्नुपर्नेछ।

५. <u>उपभोक्ता समितिको गठन विधि, जिम्मेवारी र उत्तरदायित्वः</u>- उपभोक्ता समितिको गठन विधि, जिम्मेवारी र उत्तरदायित्व देहाय बमोजिम हुनेछः

(१) यस कार्यविधि बमोजिम निर्माण गरिने पूर्वाधारका कार्यक्रमहरु संचालन गर्ने उपभोक्ता समिति उक्त पूर्वाधार निर्माण हुने क्षेत्रको बासिन्दा र समुदायको सहभागिता हुने गरी संस्था दर्ता ऐन, २०३४ वा अन्य प्रचलित कानून बमोजिम प्रदेश वा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ ।

(२) उपभोक्ता समिति गठन गर्दा पूर्वाधार निर्माण हुने क्षेत्रको बासिन्दा र समुदायको सहभागितामा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको आम भेलावाट कम्तिमा एघार सदस्य रहने गरी गठन गर्नु पर्नेछ ।

(३) स्थानिय निकायका बहालवाला पदाधिकारी, राजनीतिक दलको व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फस्यौंट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेको व्यक्ति बाहेकका व्यक्तिहरु रहने गरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(४) उपभोक्ता समितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी रहने गरी उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(५) कुनै व्यक्ति एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन सक्ने छैन र एकासगोलका परिवारवाट एक जनाभन्दा बढी व्यक्ति रहने गरी समिति गठन हुने छैन ।

(६) सम्बन्धित सरोकारवालालाई जानकारी प्राप्त भए पछि निर्वाचित जनप्रतिनिधिको रोहबरमा स्थानीय उपभोक्ता वा लाभग्राही समुदायको आमभेलाबाट उपभोक्ता समिति गठन गर्नु/गराउनु पर्नेछ।

(७) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडा कार्यालयसँग समेत समन्वय गरी सम्भव भएसम्म सार्वजनिक निकायको प्रतिनिधिको सहभागिता (उपस्थिति) भएको हुनु पर्नेछ।

(८) आयोजनाको कार्यक्षेत्र तथा सोबाट प्राप्त हुने लाभ ग्राही एक भन्दा बढी स्थानीय तहका बासिन्दा भएमा यस्ता सरोकारवाला सबै स्थानीय तहले आफ्नो क्षेत्रको उपभोक्तालाई उपस्थितिको लागि जानकारी गराउनुका साथै समिति गठनका बखत आफ्नो प्रतिनिधि पठाउनु पर्नेछ।

(९) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ र सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(१०) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
नेपाल

(११) उपभोक्ता समिति गठन पश्चात् उक्त समितिलाई सम्बन्धित स्थानीय तहमा दर्ता गरी दर्ता प्रमाणपत्र संलग्न गरी सम्बन्धित स्थानीय निकायको सिफारिस सहित मन्त्रालयका सम्बन्धित सार्वजनिक निकायमा जानकारी लागि पठाउनु पर्नेछ।

६. <u>उपभोक्ता समितिका सदस्यताको योग्यता:</u> उपभोक्ता समितिका सदस्य हुनको लागि देहाय बमोजिम योग्यता वा मापदण्ड हुनु पर्नेछ।

(क) सम्बन्धित आयोजना क्षेत्रमा बसोबास भएको,

स्पष्टीकरणः यस उपदफामा बसोबास भएको भन्नाले कुनै व्यक्ति वा परिवारको आफ्नै घर वा जग्गा भएकोलाई बुझाउनेछ र बहालमा बसोबास गरेको व्यक्तिलाई यसमा समावेश गरिनेछैन।

(ख) १६ वर्ष उमेर पूरा भएको।

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

(घ) सरकारी बाँकी बक्यौता र पेश्की फछ्र्योट गर्न बाँकी नरहेको।

(ङ) उस्तै प्रकृतिको अन्य उपभोक्ता समितिको पदाधिकारी नरहेको।

(च) दफा १७ बमोजिम स्वार्थ बाझिने अवस्था नभएको।

७. <u>स्वार्थ बाझिन नहुने:</u> (१) उपभोक्ता समितिको सदस्य हुने व्यक्तिको त्यस्तो आयोजनामा स्वार्थ बाझिन हुँदैन ।

(२) देहाय बमोजिमको व्यक्ति वा पदाधिकारी उपभोक्ता समितिको सदस्यको रुपमा कार्य गर्दा स्वार्थ बाझिएको मानिनेछ।

(क) निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका कुनै पनि तहको समितिको प्रमुख वा पदाधिकारीहरु।

(ख) बहालवाला सरकारी कर्मचारी, सुरक्षा निकायका कर्मचारी र शिक्षक।

(ग) निर्माण व्यवसायी वा निर्माण सामग्री बिक्री वितरण वा आपूर्ति सम्बन्धी व्यवसाय गर्ने व्यक्ति ।

८. <u>उपभोक्ता समितिबाट सम्पादित कार्यको अभिलेखीकरण:</u> सम्बन्धित सार्वजनिक निकायले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएको विवरण वार्षिक रुपमा अनुसूची- १ मा उल्लेख भए बमोजिम सूचीकरण गरी राख्नु पर्नेछ।

९. <u>अनुगमन तथा सुपरीवेक्षण समिति:</u> उपभोक्ता समितिमा रहेका पदाधिकारी बाहेक संयोजक सहित कम्तिमा पाँच जनासम्मको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्न सकिनेछ र उक्त समितिमा कम्तिमा ३३% महिला समावेश हुनुपर्नेछ।

१०. <u>प्रस्ताव माग गर्ने:</u> (१) यस कार्यविधि बमोजिम आयोजना सञ्चालन गर्नको लागि स्वीकृत वार्षिक कार्यक्रममा बजेट विनियोजन भएका कार्यक्रम सञ्चालन गर्ने गरी उपभोक्ता समिति वा सम्बन्धित संघ, संस्था, लाभग्राही समुदायसंग मन्त्रालयले राष्ट्रिय स्तरको दैनिक पत्रिका, मन्त्रालयको वेभसाइट तथा प्रदेश सरकारका विभिन्न कार्यालयको सूचना पाटिमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा एक्काईस दिन भित्र प्रस्ताव पेश गर्ने गरी सूचना प्रकाशन गरिनेछ ।

**११. <u>प्रस्ताव पेश गर्नुपर्ने</u>:** (१) आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रमको ब.उ.शी.नं. ३११०००१४ अन्तर्गत बजेट विनियोजन भएका देहायका बजेट खर्च शीर्षक नं. अन्तर्गतका आयोजना/कार्यक्रम मध्ये अनुसूची- २ मा उल्लेख भएका कार्यक्रम सञ्चालन गर्ने लाभग्राही समुदाय वा संस्थाले दफा १० बमोजिमको सूचनामा तोकिएको अवधि भित्र अनुसूची ३ बमोजिमको ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(क) खर्च शीर्षक नं. २२५२२- कार्यक्रम खर्च

(ख) खर्च शीर्षक नं. २२५२९- विविध कार्यक्रम खर्च

(ग) खर्च शीर्षक नं. २५३१४- धार्मिक तथा सांस्कृतिक संस्था सहायता

(घ) खर्च शीर्षक नं. २६४१३- अन्य संस्थालाई अनुदान सःशर्त चालु अनुदान

(ङ) खर्च शीर्षक नं. ३१११२- गैर आवासीय भवन निर्माण/खरिद

(च) खर्च शीर्षक नं. ३११२३- फर्निचर तथा फिक्चर्स

(छ) खर्च शीर्षक नं. ३११५९- अन्य सार्वजनिक निर्माण

(ज) खर्च शीर्षक नं. ३११७१- पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण

(२) उपदफा १ बमोजिमको प्रस्तावको साथ देहायका कागजात संलग्न गर्नुपर्नेछः-

(क) संस्था दर्ताको प्रमाणपत्र एवम् नविकरण सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

(ख) सम्बन्धित स्थानीय तहबाट उपभोक्ता समिति गठन भएको सिफारिस पत्र,

(ग) सांस्कृतिक धार्मिक स्थलको निर्माण वा संरक्षण सम्बन्धी आयोजना वा कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यको लागि स्थानीय तहको सिफारिस

(घ) खण्ड (ग) बमोजिमको कार्यक्रम वा आयोजनाको लागि प्राविधिकबाट प्रमाणित अनुसूची- ४ बमोजिमको विवरण सहितको लागत अनुमान

(ङ) कार्यक्रम सञ्चालन सम्बन्धमा सम्बन्धित संस्था वा उपभोक्ता समितिको निर्णयको प्रमाणित प्रतिलिपि

(च) संस्था वा दर्ता भएको उपभोक्ता समितिको नाममा कम्तिमा एक जना महिला सहित कम्तिमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैंक खाता खोल्ने निर्णयको प्रमाणित प्रतिलिपि

(छ) निर्माण कार्य सम्बन्धी आयोजनाको हकमा त्यस्तो निर्माण कार्यको लागि सम्बन्धित संस्था, धार्मिक स्थल वा लाभग्राही समुदायको नाममा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त भएको प्रमाण वा सोको प्रमाणित प्रतिलिपि ।

**१२. <u>प्रस्ताव छनौटका आधारहरु</u>:-** दफा ११ को उपदफा (१) बमोजिम प्राप्त हुन आएका प्रस्ताव छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) मर्मत संभार कार्यको अधुरो काम सम्पन्न गर्नुपर्ने भएमा,

(ख) मर्मत संभारको आवश्यकता, औचित्य र अपेक्षित नतिजा,

(ग) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत,

(घ) संरक्षण र सुधार कार्यबाट लाभान्वित जनसंख्या,

(ङ) संरक्षण र सुधार कार्यक्रम कार्यान्वयन कार्ययोजना,

(च) स्थानीय तह, निर्वाचन क्षेत्र र जिल्लागत विवरण,

१३. <u>प्रस्तावको छनौट र स्वीकृतिः</u> (१) दफा ११ को उपदफा (१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको मूल्यांकन गर्न मन्त्रालयमा देहाय बमोजिमको एक मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ-

(क) कानून तथा प्रशासन महाशाखा प्रमुख- संयोजक

(ख) पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि- सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(घ) कानून अधिकृत- सदस्य

(ङ) संस्कृति सम्बन्धी विषय हेर्ने कर्मचारी मन्त्रालय- सदस्य सचिव

(२) छनौट समितिमा संयोजकले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) खर्च गर्ने अख्तियारी दिनुभन्दा अघि यस मन्त्रालयले निर्माण स्थलको स्थलगत अनुगमन/निरीक्षण गरी कार्यक्रम सञ्चालन हुनसक्ने सुनिश्चितता सम्बन्धी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले छनौट गरेका प्रस्तावहरु स्वीकृतका लागि सचिव समक्ष पेश गर्नुपर्नेछ ।

१४. <u>छनौट सम्बन्धी निर्णयः</u> दफा १३ को उपदफा (४) बमोजिम मूल्यांकन तथा सिफारिस समितिले सिफारिस गरेको प्रस्ताव सम्बन्धमा मन्त्रालयको सचिवले सात दिन भित्र निर्णय गर्नुपर्नेछ ।

१५. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः</u> (१) स्वीकृत प्रस्ताव वमोजिम कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहको सिफारिस सहित सात दिन भित्र सम्झौता गर्न सूचना दिईनेछ ।

(२) तोकिएको समय भित्र सम्झौता गर्न आउने लाभग्राही संस्था वा उपभोक्ता सँग मन्त्रालयले अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

१६. <u>बीमाः</u> उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दा सार्बजनिक खरिद नियमावलीको नियम ११२ को उपनियम (१) ले निर्धारण गरेको सीमा (दश लाख) भन्दा माथिको लागत अनुमान भएको सम्झौतामा उपभोक्ता समितिले देहायका कार्यहरुको बीमा गर्नुपर्नेछ। यस्तो बीमाको बीमा शुल्क (प्रिमियम) सार्वजनिक निकायले लागत अनुमानमा खुलाउनु पर्नेछ।

(क) निर्माण कार्य सम्पन्न नभए सम्मको निर्माण कार्यको बीमा,

(ख) निर्माण कार्यमा संलग्न हुने कामदारहरुको निर्माण अवधिभरको दुर्घटना बीमा,

(ग) निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, मेशिनरी औजार र प्लाण्टको प्रतिस्थापन खर्चको बीमा।

१७. <u>कार्यक्रम सञ्चालनः</u> (१) कार्यक्रमको सम्झौता भए पश्चात सम्बन्धित संस्था वा समितिले पुरातत्त्व विभागको मापदण्ड अनुसार स्थानीय तहको प्राविधिकबाट प्रमाणित लागत इष्टिमेट, ड्रइङ, डिजाइनका आधारमा जतिसक्दो छिटो कार्य प्रारम्भ गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालयले लागत इष्टिमेट

वा आवश्यकतानुसार विस्तृत परियोजना प्रतिवेदनका आधारमा कार्ययोजना तयार गरी सोही आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यारम्भ भए पछि सम्बन्धित स्थानीय तहले सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

(३) निर्माण कार्य सम्पन्न भए पश्चात सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(४) निर्माण कार्यको जिम्मा लिएको समिति वा संस्थाले सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

१८. <u>भुक्तानी गर्दा पेश गर्नु पर्ने कागजातहरु:</u> (१) बील भरपाई तथा कार्य प्रगतिको आधारमा अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पछि मात्र अनुदानग्राहीको खातामा नियमानुसार भुक्तानी गरिनेछ । भुक्तानीको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछ-

(१) सर्भे, डिजाईन, नक्सा तथा लागत ईष्टिमेट, कार्य योजना, खरिद योजना (गुरुयोजना, विस्तृत परियोजनाको प्रस्ताव)

(२) जग्गाको अवस्था (सार्वजनिक, गुठी, धार्मिक वन, कित्ता नं. क्षेत्रफल र स्वामित्व वा भोगाधिकार भएको प्रमाण पत्र)

(३) संस्था दर्ताको प्रमाणपत्र,

(४) गाउँपालिकाको हकमा कार्यसम्पन्न भएको भनी गाउँपालिकाको सिफारिस, नगरपालिकाको हकमा सम्बन्धित वडाको सिफारिस ।

(५) ढुवानीको लागि गाडी भाडामा लिएको भए ड्राइभरको लाइसेन्स र ब्लु बुकको फोटोकपि

(६) सबै बिल, भरपाईमा सहिछाप ।

(७) सम्पूर्ण खर्च अनुमोदन सहितको समितिको निर्णय ।

(८) कार्यसम्पन्न हुनु भन्दा पहिलाको र सम्पन्न भए पछिको फोटोहरु ।

(९) निर्माण कार्यको लागत अनुमान म.ले.प. फारम नं. ५०१

(१०) नापी किताव म.ले.प. फारम नं. ५०३

(११) ठेक्का सम्बन्धी बिल म.ले.प. फारम नं. ५०४

(१२) कार्य स्वीकार/ सम्पन्न प्रतिवेदन म.ले.प. फारम नं. ५१०

(१३) आइटमवाईज कार्य अभिलेख खाता म.ले.प. फारम नं. ५०५

(१४) डोर हाजिर फाराम म.ले.प. फारम नं. ५११

(१५) स्थायी लेखा नम्बर

(१६) मूल्यअभिबृद्धि कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु बीस हजार भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएको व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्नुपर्नेछ । साथै उक्त बिलमा उल्लेखित मू.अ.कर बाहेकको रकममा १.५% अग्रिम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र भुक्तानी हुनेछ । VAT बिल एक लाख रुपैया भन्दा कमको बिल भए भ्याट बिल र बढी भएमा कोटेशन माग गरी काम गरेको हुनुपर्ने ।

(१७) चेकको फोटोकपि ।

(१८) अग्रिम आयकर, मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र बिल भरपाई बमोजिमको रकम भुक्तानी गरिनेछ ।

१९. कार्यक्रमको अनुगमनः (१) कार्यक्रमको अनुगमन मन्त्रालय आफैले गर्ने वा अन्य निकाय मार्फत गर्न लगाउन सक्नेछ ।

(२) अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने समिति वा संस्थाको हुनेछ ।

२०. अन्य व्यवस्थाः (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै वमोजिम र अन्यमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

२१. बाधा अड्काउ फुकाउः (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालय त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यस कार्यविधि वमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र प्रस्ताव पेश नगर्ने र प्रस्ताव स्वीकृत भएको सूचना प्रकाशित गरेको सात दिन भित्र सम्झौता गर्न नआउने अनुसूचीमा उल्लेख भएका कार्यक्रमको वजेट मन्त्रालयले अन्य कार्यक्रम सञ्चालनका लागि रकमान्तर गर्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
मुकामः बुटवल, नेपाल

सचिव

# अनुसूची - १

## उपभोक्ता समिति सूचीकरण

सार्वजनिक निकायको नामः ............................................... आर्थिक वर्षः ....................

| क. सं. | आयोजनाको नाम | आयोजनाले समेट्ने क्षेत्र (स्थानीय तह, वडा, वस्ती) | उपभोक्ता समितिको | | उपभोक्ता समितिको अध्यक्ष | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | गठन मिति | नाम | ठेगाना | ना.प्र.नं. जारी मिति र जिल्ला | सम्पर्क नं. | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

.......................... तयार गर्ने

.......................... जाँच गर्ने

.................... प्रमाणित गर्ने

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
मुकामः बुटवल, नेपाल

अनुसूची- २

आयोजना/ कार्यक्रम

विषय क्षेत्रः- भाषा तथा संस्कृति

बजेट उपशीर्षक र नामः- ३११०००१४ भाषा तथा संस्कृति कार्यक्रम

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| २६ | २५३१४ | कपिलवस्तुमा अवधि संग्रहालय निर्माणको लागि पुंजीगत अनुदान (कपिलवस्तु) | २० |
| २७ | २५३१४ | तिला जनयुद्ध राष्ट्रिय संग्रहालय रोल्पालाई पुजींगत अनुदान (रोल्पा) | २० |
| २८ | २५३१४ | थारु सांस्कृतिक संग्रहालय, चखौरा दाङ स्तरोन्नतिका लागि अनुदान (दाङ्ग) | ६० |
| २९ | २५३१४ | कम्युनिष्ट संग्रहालय नेपाल बुटवल ६ चाँदवारीलाई चालु अनुदान (रुपन्देही) | २० |
| ३० | २५३१४ | अवधि सांस्कृतिक विकास परिषद र अवधि संस्कृति संरक्षण प्रतिष्ठानलाई अवध ग्राम तथा संग्रहालय निर्माण-दाङ गडवा देउखुरी (दाङ्ग) | १० |
| ३१ | ३११५९ | ज्योति टोल भुयारथान संग्रहालय निर्माण, तुल्सीपुर ९ (दाङ्ग) | १० |
| ३२ | ३११५९ | थारु संग्रहालय निर्माण, राजापुर न.पा. २, नयाँगाउँ (बर्दिया) | ३० |
| ३३ | ३११५९ | शंकर बस्ती पिपलचौतारामा मन्दिर निर्माण, गुलरिया न.पा. १ र थारु संग्रहालय ट्रस्ट निर्माण, गुलरिया न.पा. ५ (बर्दिया) | १० |
| ३४ | ३११५९ | मस्त संगित संग्रहालय तथा ट्रेनिङ्ग सेन्टर निर्माण, सिस्ने ६ (रुकुम पूर्व) | १५ |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ३५ | ३११११२ | तमूरोधी प्रतिष्ठान तथा संग्रहालय भवन निर्माण, (बर्दिया) | १० |
| | | *जम्मा संग्रहालय निर्माण संख्याः- १०* | २०५ |
| ३६ | ३११५९ | पोखरापालीमा जय गुरुदेव धर्मशाला पूर्वाधार विकास निर्माण, रामग्राम ६ (नवलपरासी ब.सु.प.) | १० |
| ३७ | ३११५९ | करमैना धर्मशाला निर्माण, रामग्राम ९ (नवलपरासी ब.सु.प.) | १० |
| ३८ | ३११५९ | महुववा शिव मन्दिर पूर्वाधार विकास, रामग्राम न.पा. १७ (नवलपरासी ब.सु.प.) | ५ |
| ३९ | ३११५९ | कुनुरु प्लान्टको दुर्गा मन्दिरमा धर्मशाला निर्माण, रामग्राम १४ (नवलपरासी ब.सु.प.) | १० |
| ४० | ३११५९ | भुस्नापुर मन्दिर निर्माण, रामग्राम १४ (नवलपरासी ब.सु.प.) | ५ |
| ४१ | ३११५९ | शिव मन्दिर अइचावल निर्माण, रामग्राम १४ (नवलपरासी ब.सु.प.) | १० |
| ४२ | ३११५९ | लालपाटी पोखरीमा छठ घाट सहित पूर्वाधार निर्माण, रामग्राम १६ (नवलपरासी ब.सु.प.) | ५ |
| ४३ | ३११५९ | चमन टोला कब्रिस्तान तथा इदगाहको पूर्वाधार विकास, पाल्हिनन्दन गा.पा. ५ (नवलपरासी ब.सु.प.) | ५ |
| ४४ | ३११५९ | ग्रेमा गाउँमा छठ घाटको पूर्वाधार निर्माण, पाल्हिनन्दन ५ (नवलपरासी ब.सु.प.) | ५ |
| ४५ | ३११५९ | राधाकृष्ण मन्दिर भित्र धर्मशाला निर्माण, पाल्हिनन्दन गा.पा. ५ (नवलपरासी ब.सु.प.) | ५ |
| ४६ | ३११५९ | शनि मन्दिर निर्माण, पाल्हिनन्दन २, भक्सिपरमा (नवलपरासी ब.सु.प.) | ५ |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ४७ | ३११५९ | शिव मन्दिर निर्माण, पाल्हिनन्दन २, भक्सिपरमा (नवलपरासी ब.सु.प.) | ५ |
| ४८ | ३११५९ | शिवपार्वती मन्दिर ट्रर्स निर्माण, सरावल ३, (नवलपरासी ब.सु.प.) | १० |
| ४९ | २६४१३ | महिला कल्याण केन्द्र, भुमही, सुनवल १२, (नवलपरासी ब.सु.प.) | १० |
| ५० | २६४१३ | शिवशक्ति महिला समुह, हरकट्टा, सुनवल १२, (नवलपरासी ब.सु.प.) | ५ |
| ५१ | २६४१३ | श्रृजनशिल महिला समुह सूर्य बस्ती, सुनवल १३, (नवलपरासी ब.सु.प.) | ५ |
| ५२ | २२५२२ | ड्राइभरटोलको दुर्गा मन्दिर व्यवस्थापन, रामग्राम न.पा. ५ (नवलपरासी ब.सु.प.) | १० |
| | | *नवलपरासी ब.सु.प. जम्मा योजना संख्याः- १७* | *१२०* |
| ५३ | ३११५९ | कोटहीमाई मन्दिर पछाडी छठ घाट निर्माण, कोटहीमाई गा.पा. (रुपन्देही) | १० |
| ५४ | ३११५९ | छोटकी दुमदुमवा मन्दिर निर्माण, सिद्धार्थनगर न.पा. ९ (रुपन्देही) | ५ |
| ५५ | ३१११२ | योग तथा ध्यान केन्द्र (हल) निर्माण, कञ्चन ३, (रुपन्देही) | १० |
| ५६ | ३११५९ | उदयपुर कब्रिस्तान पर्खाल निर्माण, सिद्धार्थनगर न.पा. ९ (रुपन्देही) | २.५० |
| ५७ | ३११५९ | छपिया शवदाह निर्माण, सियारी गा.पा. ४ (रुपन्देही) | १० |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ५८ | ३११५९ | मदरसा दारुत्तौहिद कुडसर भौतिक पूर्वाधार निर्माण, कोटियामाई गा.पा. ३ (रुपन्देही) | १० |
| ५९ | ३११५९ | बगौली दुर्गा मन्दिर पश्चिम टोला, मर्चवारी गा.पा. ६ (रुपन्देही) | ५ |
| ६० | ३११५९ | दुर्गा मन्दिर कम्पाउण्डवाल निर्माण, सिद्धार्थनगर ३ (रुपन्देही) | ५ |
| ६१ | ३११५९ | बाउन्नकोटी सिद्धधाम मन्दिर कोठा निर्माण, तिलोत्तमा १४ (रुपन्देही) | ५ |
| ६२ | ३११५९ | कोटहीमाई मन्दिर कम्पाउण्डवाल निर्माण, सियारी १ (रुपन्देही) | ५ |
| ६३ | ३११५९ | बौद्धगुम्बा टिकुलीगढ कोठा निर्माण तथा मर्मत सम्भार, तिलोत्तमा १४ (रुपन्देही) | ५ |
| ६४ | ३११५९ | राम जानकी मन्दिर कोठा निर्माण, ओमसतिया २ (रुपन्देही) | ५ |
| ६५ | ३११५९ | गैडहवा नालाको छेउमा समयमाइ मन्दिरमा धर्मशाला निर्माण, समरीमाई गा.पा. १ (रुपन्देही) | १० |
| ६६ | ३११५९ | बाबु थुम्हवा हनुमान मन्दिरमा धर्मशाला निर्माण, समरीमाइ गा.पा. ३ (रुपन्देही) | ५ |
| ६७ | ३११५९ | कचरीहवा गाउँमा मन्दिर निर्माण, मर्चवारी गा.पा. १ (रुपन्देही) | ५ |
| ६८ | ३११५९ | श्री परमहंस अद्वैत मन्दिर बगौली कुटी धर्मशाला निर्माण, मर्चवारी गा.पा. ७ (रुपन्देही) | ५ |
| ६९ | ३११५९ | केवटलिया मन्दिरमा धर्मशाला र मन्दिर जीर्णोद्धार तथा पोखरी सुदृणीकरण, लुम्बिनी साँस्कृतिक न.पा. ७ (रुपन्देही) | १० |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ७० | ३११५९ | काली मन्दिर छत ढलान र दिवाल निर्माण, लुम्बिनी साँस्कृतिक न.पा. १२ (रुपन्देही) | ५ |
| ७१ | ३११५९ | भभइ गाउँको पूर्व दुर्गा मन्दिरको अपुरो धर्मशाला निर्माण, लुम्बिनी साँस्कृतिक न.पा. १२ (रुपन्देही) | ५ |
| ७२ | ३११५९ | मर्चवारी मन्दिर मूल भवन जीर्णोद्धार निर्माण, मर्चवारी गा.पा. ५ (रुपन्देही) | ४० |
| ७३ | ३११५९ | नुरी जामा मस्जिदमा भवन निर्माण, मन्झरिया मर्चवारी गा.पा. ७ (रुपन्देही) | १५ |
| ७४ | ३११५९ | पतिजिया राम जानकी मन्दिर भौतिक पूर्वाधार निर्माण, कोटहीमाइ गा.पा. १ (रुपन्देही) | ५ |
| ७५ | ३११५९ | कोटहीमाई मन्दिर जाने बाटो गेट तथा धर्मशाला निर्माण, कोटहीमाइ गा.पा. ४ (रुपन्देही) | १० |
| ७६ | ३११५९ | पिपरहवा गाउँमा दुर्गा मन्दिर भौतिक पूर्वाधार निर्माण, कोटहीमाई गा.पा. ५ (रुपन्देही) | १० |
| ७७ | ३११५९ | बोगडी दुर्गा मन्दिर निर्माण, कोटहीमाइ गा.पा. ६ (रुपन्देही) | ५ |
| ७८ | ३११५९ | मदरसा अल अययुब अल अन्सारी भौतिक पूर्वाधार निर्माण, कोटहीमाइ गा.पा. ५ (रुपन्देही) | ५ |
| ७९ | ३११५९ | ठुलो पडरिया कब्रस्तान बाउण्ड्री निर्माण, लुम्बिनी ३ (रुपन्देही) | १० |
| ८० | ३११५९ | कब्रस्तान पिपरा पूर्वाधार, लुम्बिनी ९ (रुपन्देही) | ५ |
| ८१ | ३११५९ | अधुरो ईदगाह निर्माण, पर्सा, लुम्बिनी ६ (रुपन्देही) | ५ |
| ८२ | ३११५९ | बरगदहवा हनुमान मन्दिर धर्मशाला, गैडहवा ३ (रुपन्देही) | १० |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ८३ | ३११५९ | परोपकार संस्था पूर्वाधार निर्माण, बुटवल १, (रुपन्देही) | १० |
| ८४ | ३११५९ | अहले सुन्नत गाजि सरकार इस्लामीया रौजा निर्माण, ललितपर, रोहणी ६, (रुपन्देही) | १० |
| ८५ | ३११५९ | शिवालय मन्दिर निर्माण, गौडहवा ९, (रुपन्देही) | ५ |
| ८६ | ३११५९ | दुर्गा मन्दिर पुनस्थापना, बुटवल ६ र ८, (रुपन्देही) | १० |
| ८७ | ३११५९ | राधाकृष्ण मन्दिर पूर्वाधार निर्माण, बुटवल ३, (रुपन्देही) | ५ |
| ८८ | ३११५९ | सक्षम आमा समूह दुर्गा देवी मन्दिर निर्माण, गैडहवा ८, (रुपन्देही) | ५ |
| ८९ | ३११५९ | बिश्वकर्मा मन्दिर पूर्वाधार निर्माण, सैनामैना १, (रुपन्देही) | १० |
| ९० | ३११५९ | बरौलि शिवालय मन्दिर पूर्वाधार निर्माण, सैनामैना ११, (रुपन्देही) | १० |
| ९१ | ३११५९ | हनुमान मन्दिर निर्माण, गैडहवा ६, (रुपन्देही) | ५ |
| ९२ | ३११५९ | राधाकृष्ण मन्दिर कम्पाउण्ड वाल, कञ्चन ३, (रुपन्देही) | १० |
| ९३ | ३११५९ | मिश्रौलिया टोलमा दुर्गा मन्दिर पूर्वाधार निर्माण सि.न.पा..९ (रुपन्देही) | १० |
| ९४ | २६४१३ | कारीदह मदरसा मिस बाहुल ओलुम लुम्बिनी साँस्कृतिक न.पा. १३ (रुपन्देही) | ५ |
| ९५ | २६४१३ | मदरसा तालिमूल कोरान बोलसुन्ना बडबनिया, लुम्बिनी साँस्कृतिक न.पा. १३ (रुपन्देही) | ५ |

सचिव

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ९६ | २६४१३ | मदरसा मर्कजुत्तालीम पूर्वाधार, लुम्बिनी ६ (रुपन्देही) | १६ |
| ९७ | २६४१३ | श्री दाई अखिलेश्वरी CLC मसिना, लुम्बिनी ११ (रुपन्देही) | १० |
| ९८ | २६४१३ | दारुल इस्लामिया मदरसा, गैडहवा ५ (रुपन्देही) | १० |
| ९९ | २६४१३ | इकरा अल इस्लामिया स्कुल, गैडहवा २ (रुपन्देही) | १० |
| १०० | २६४१३ | मदरसा अरबिया समसुल वलुम, लुम्बिनी ९ (रुपन्देही) | ५ |
| १०१ | २६४१३ | महिला तथा बालवालिका उत्थान केन्द्र, सैनामैना ३, (रुपन्देही) | ५ |
| १०२ | २६४१३ | नमूना महिला विकास केन्द्र, बर्गदहवा, कञ्चन ५, (रुपन्देही) | १० |
| १०३ | २६४१३ | भैरव मन्दिर जेष्ठ नागरिक मिलन केन्द्र, मद्रानी, तिलोत्तमा ११, (रुपन्देही) | १० |
| १०४ | २६४१३ | नेपाल रेडक्रस सोसाईटी, कञ्चन शाखा, (रुपन्देही) | ५ |
| १०५ | २२५२२ | भिमसेन नेवा सामुदायिक विकास कार्यक्रम, बुटवल ३, (रुपन्देही) | ५ |
| १०६ | ३११२३ | भगत सर्बजित भवन फर्निचर खरिद, सैनामैना (रुपन्देही) | ५ |
| १०७ | ३११७१ | दुर्गा मन्दिर बागधुरा देबीनगर कोठा मर्मत सम्भार, तिलोत्तमा १४ (रुपन्देही) | ५ |
| १०८ | ३११७१ | तुनिहवा मस्जिद मर्मत सम्भार, कोटहीमाई गा.पा.४ (रुपन्देही) | ५ |
| १०९ | ३११७१ | मर्यादपुर नयाँ मस्जिदमा मर्मत सम्भार, कोटहीमाइ गा.पा.३ (रुपन्देही) | ५ |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| ११० | ३११५९ | पशुपति शिव मन्दिर निर्माण तिलोत्तमा ७ हरैया (रुपन्देही) | १५ |
| | | *रुपन्देही जिल्लाका योजना संख्याः- ५८* | *४६३.५* |
| १११ | ३११५९ | बेथरी दक्षिणटोल कोटहीमाई मन्दिर भौतिक पूर्वाधार, मायादेवी गा.पा. ६ (कपिलवस्तु) | १० |
| ११२ | ३११५९ | हरसिउरी शिव मन्दिर स्तरोन्नती, मायादेवी गा.पा. २ (कपिलवस्तु) | ५ |
| ११३ | ३११५९ | बिचौवापुर शिव मन्दिर भौतिक निर्माण, मायादेवी गा.पा. ५ (कपिलवस्तु) | ५ |
| ११४ | ३११५९ | लुक्ठहवा दुर्गा मन्दिर भौतिक पूर्वाधार निर्माण, मायादेवी गा.पा. ५ (कपिलवस्तु) | ५ |
| ११५ | ३११५९ | बराह र सुर्य बलिया गाउँको बिचमा रहेको समयामाइ मन्दिर निर्माण, शुद्धोदन गा.पा. १ र ६ (कपिलवस्तु) | १० |
| ११६ | २६४१३ | अहमदिया ईदगाह गुण्डा, मायादेवी गा.पा. (कपिलवस्तु) | १० |
| ११७ | २६४१३ | मदरसा उमर बिन अल खत्ताब बसहवा, मायादेवी गा.पा. ५ (कपिलवस्तु) | १० |
| ११८ | २६४१३ | मदरसा खालिद बिन वलिद अल इस्लामिया सेमरहना, मायादेवी गा.पा. ५ (कपिलवस्तु) | ५ |
| ११९ | ३११५९ | रामजानकी मन्दिर निर्माण, शुद्धोधन गा.पा. ३, असुरैना (कपिलवस्तु) | ७ |
| १२० | ३११५९ | महदेइया काली मन्दिर पूर्वाधार, मायादेवी १ (कपिलवस्तु) | ५ |
| १२१ | ३११५९ | गौरीगंजमा धर्मशाला निर्माण, शुद्धोधन गा.पा. ६ (कपिलवस्तु) | १० |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| १२२ | २२५२२ | महुवा बाबा सोमईथान धर्मशाला व्यवस्थापन, शिवराज ६ (कपिलवस्तु) | ५ |
| १२३ | २६४१३ | मदरसा इसलाहुल मुस्लेमिन्, मायादेवि २, अभिराव, (कपिलवस्तु) | १० |
| १२४ | ३१११२ | मदरसा समसुल उलुम बरही भवन निर्माण, मायादेवी १, (कपिलवस्तु) | १० |
| १२५ | ३११५९ | जहदीमा मन्दिर निर्माण, कपिलवस्तु न.पा. ११ (कपिलवस्तु) | ८ |
| १२६ | ३११५९ | तौलेश्वरनाथ मन्दिर परिसर जीर्णोद्धार, कपिलवस्तु १ (कपिलवस्तु) | ५ |
| १२७ | ३११५९ | जमुनी गाउँ यादव टोलमा दुर्गा मन्दिर निर्माण, महाराजगंज ३ (कपिलवस्तु) | ५ |
| १२८ | ३११५९ | राम मन्दिर भवन निर्माण, महाराजगंज १ (कपिलवस्तु) | १० |
| १२९ | ३११५९ | चफोला दलित बस्तीमा विश्वकर्मा बाबा मन्दिर निर्माण, बुद्धभुमी २ (कपिलवस्तु) | ५ |
| १३० | ३११५९ | कठौतीया शिव मन्दिर निर्माण, महाराजगंज ८ (कपिलवस्तु) | ५ |
| १३१ | ३११५९ | मदरसा निफ्तावउलुम औराहवा स्तरोन्नती, महाराजगंज ९ (कपिलवस्तु) | ५ |
| १३२ | ३११५९ | किरिया घर निर्माण बालमन्दिर तथा रेडक्रस कम्पाउण्ड भित्र, कपिलवस्तु न.पा. २ (कपिलवस्तु) | ६ |

सचिव

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| १३३ | ३११५९ | चेतरादेही मन्दिरमा ट्रष्ट निर्माण, बुद्धभुमि न.पा. १० (कपिलवस्तु) | ५ |
| १३४ | ३११५९ | वार्ड नं २ पूर्व भडेहर जमुवार खोलाको किनारमा रहेको कवरिस्तानमा माटो पटान तथा तारवार, (कपिलवस्तु) | ५ |
| १३५ | ३११५९ | बसिरलुल बलुङ् ठूलो गौरा कम्पाउण्डवाल निर्माण, मायादेवी ४, (कपिलवस्तु) | ५ |
| १३६ | ३११५९ | मदरसा अल ताहेरात बनात मायादेवि ६ डुमरा भान्सा निर्माण/ कम्पाउण्ड वाल निर्माण, (कपिलवस्तु) | १० |
| १३७ | ३११५९ | जनअभियान सामाजिक विकाश संस्था मन्दिर निर्माण, बाणगगा ५, (कपिलवस्तु) | ५ |
| १३८ | ३११५९ | मुहान युवा क्लव वाणगंगा अधुरो मन्दिर निर्माण, (कपिलवस्तु) | ५ |
| १३९ | २६४१३ | मदरसा इसलाहुल नुरुल होदा मायादेवि ४ पिपरा भौतिक सामाग्री खरिद, (कपिलवस्तु) | ५ |
| | | *कपिलवस्तु जिल्लामा रहेका योजनाहरु:- २९* | *१९६* |
| १४० | २२५२२ | श्री जन शिवालय मन्दिर धार्मिक पर्यटन प्रर्वद्धन, बगनासकाली २ (पाल्पा) | १० |
| १४१ | ३११७१ | सन्तोक बैदगुम्वा मर्मत, बगनासकाली १, (पाल्पा) | ५ |
| १४२ | ३११७१ | दुर्गा मन्दिर मर्मत, रामपुर ६, (पाल्पा) | ५ |
| १४३ | ३११२३ | देविनगर सामुदायिक भवनहरुमा फर्निचर व्यवस्थापन, पूर्वखोला गा.पा ४, (पाल्पा) | ५ |
| १४४ | ३११५९ | औवश्रमेश्वरी भगवती मन्दिर कम्पाउण्ड निर्माण, तानसेन न.पा. १४ (पाल्पा) | १० |

| कार्य योजनाको क्र.सं. | खर्च शीर्षक | सचिव आयोजना/कार्यक्रम | विनियोजित बजेट रु.लाखमा |
|---|---|---|---|
| १४५ | ३११५९ | बाहुमगढी संरक्षण तथा पूर्वाधार निर्माण, पूर्वखोला गा.पा ६ (पाल्पा) | ५ |
| १४६ | ३११५९ | धारापानी सिद्धबाबा ध्यान केन्द्र निर्माण, बगनसकाली ६ (पाल्पा) | ५ |
| | | *पाल्पा जिल्लाका योजनाहरुको संख्याः- ७* | *४५* |
| १४७ | ३११५९ | शहिद स्मृति प्रतिक्षालय निर्माण, छत्रकोट ५ र ६ (गुल्मी) | १० |
| १४८ | ३११५९ | ऐतिहासिक पारीधारा पौवा तथा किरियापुत्री घर पुनःनिर्माण, रेसुङ्गा ९ (गुल्मी) | १० |
